


**पुस्तक** : कलम
**लेखक** : अशोक सिलवाल
**प्रकाशक** : एड्रोइट पब्लिकेसन्स्, नयाँ दिल्ली
**पृष्ठ** : ३६०
**प्रकाशन मिति** : २०६९

नेपाली पत्रकारिता क्षेत्रमा सम्पादक र प्रकाशकका रूपमा स्थापित नाम हो पुष्करलाल श्रेष्ठ । कामना प्रकाशन गृहसँग आबद्ध श्रेष्ठको पत्रकारिता यात्रा करिब तीन दशकदेखि अविरल अघि बढिरहेको छ र यस क्रममा उनले पत्रकारिताका विविध आयामका थुप्रै रोमाञ्चक अनुभूति सँगालेका छन् । उनका तिनै अनुभूतिलाई उत्खनन गर्ने सोचका साथ उनीसँग अन्तर्वार्ता गरेर अर्का पत्रकार अशोक सिलवालले पुस्तक ल्याएका छन्– *कलम* । अन्तर्वार्तापछि प्राप्त विषयवस्तुलाई कथा वाचनको शैलीमा प्रस्तुत गरिएको यस पुस्तकमा श्रेष्ठका प्रत्यक्ष कथन अत्यधिक छन्, जसले गर्दा लेखक गौण बनेका छन् र पाठकलाई यो पुस्तक श्रेष्ठकै आत्मकथा जस्तो लाग्छ । लेखक सिलवालको भाषामाथिको दखलका कारण पुस्तकको प्रस्तुति भने रोचक छ । पुस्तकको मूल भाग ३६ ओटा विभिन्न खण्डमा विभाजित छ । आरम्भमा पुस्तकबारे रामकृष्ण रेग्मीको भनाइ, पुस्तक तयार हुँदाको पृष्ठभूमिबारे पुष्करलाल श्रेष्ठको अनुभवका साथै लेखक अशोक सिलवालले गरेको पुस्तकको रचनागर्भको वर्णन छ ।

## अपत्यारिला कथन

पुष्करलाल श्रेष्ठले वि.सं. २०४० ताका पत्रकारितामा पाइलो हालेका हुन् । त्यसबखत *कामना* पत्रिका दर्ताको सन्दर्भबारे सिलवाल लेख्छन्, "नयाँ पत्रिका प्रकाशन सुरु भयो भने सरकारविरुद्ध लेख्छ र सरकारको टाउको दुखाइको विषय हुन्छ भनेर

अनेक बाधा, अड्चन तेर्स्याएर पत्रिका दर्ता गर्न नदिने खेल हुन्थ्यो रे" (पृ. २४) । तत्कालीन सरकारले पत्रिका दर्ता गर्नै दिँदैनथ्यो र *कामना* दर्ता गर्दा धेरै अड्चन झेल्नुपर्‍यो भनेका छन् श्रेष्ठले । यद्यपि पञ्चायती व्यवस्था नै भए पनि वि.सं. २०३६ मा जनमत संग्रह घोषणा भएपछिको समय निजी क्षेत्रको पत्रकारिताका लागि उर्बर र उदार मानिन्छ । वि.सं. २०४० तिर *साप्ताहिक विमर्श*, *साप्ताहिक मञ्च*, *राष्ट्रपुकार* लगायतका पत्रिकाले तत्कालीन व्यवस्था या व्यवस्थाको कुनै गुटको गतिविधिको विरोध गरेको पाइन्छ । *साप्ताहिक मञ्च*ले पञ्चायती व्यवस्थाभित्र षड्यन्त्रकारी शक्तिको रूपमा भूमिगत गिरोह सक्रिय रहेको भनेर लेखेको २०४० वैशाख २ गते हो (नेपाल २०५७) । यदाकदा सरकारले कारवाहीस्वरूप पत्रिकाको दर्ता खारेज गर्थ्यो तर फेरि पुरानै समूहले अर्को नाममा तुरुन्तै पत्रिका निकाल्थ्यो । राजनीतिप्रधान पत्रिकासमेत निस्किरहेको त्यो परिवेशमा कलाप्रधान *कामना* दर्ता गर्दा अति नै गाह्रो भयो भन्ने कुरा त्यति पत्यारिलो लाग्दैन ।

*कामना*मा फोटो छापिन्छ भनेर मान्छेहरू लाखौँ खर्चेर फिल्ममा लगानी गर्थे भन्ने श्रेष्ठको दाबी पनि अपाच्य नै छ । कामना प्रकाशन समूहबाट दिउँसो निस्कने दैनिक पत्रिका *महानगर*बारे श्रेष्ठको दाबी पनि कम हास्यास्पद छैन । उनी भन्छन्, "... दिउँसोको घटनाक्रमलाई तत्काल नै छापेर दिन सकियो भने पाठकलाई ठूलै योगदान हुन्छ भन्ने ठानी *महानगर* सुरु भयो । ... *महानगर* पढ्न नपाए कसैलाई टाउको दुख्ने, कसैलाई ढाड दुख्नेसम्म भइसकेको थियो । *महानगर* पढ्ने त्यस्तो लत बसिसकेको थियो मानिसलाई" (पृ. १०६) । *महानगर* एक ताका लोकप्रिय पत्रिका बनेको थियो । यद्यपि *महानगर* पढ्न नपाउँदैमा टाउको दुख्ने या ढाड दुख्ने यो अतिशयोक्तिपूर्ण बयान श्रेष्ठले नगरेकै भए हुन्थ्यो । विश्वसनीयतालाई चुनौती दिने खालका यस्ता प्रसंग पुस्तकमा अरू पनि छन् ।

## आर्थिक चलखेल

स्वभावतः मिडिया हरदम शक्ति–राजनीतिको तारो बनेको हुन्छ । विभिन्न विचारधारा, शक्तिकेन्द्र र संस्थाबाट मूलधारका पत्रिकालाई प्रयोग गर्ने खतरा रहेको श्रेष्ठले पनि औँल्याएका छन् । आफ्ना राम्रा कामको प्रचारप्रसार होस् तर नराम्रा पक्षबारे मिडियाले देख्दै नदेखून्, लेख्दै नलेखून् भन्ने चाहना हुनु मानवीय चरित्र नै हो । खास गरी पत्रकारितामार्फत हुने आर्थिक चलखेललाई श्रेष्ठले यस पुस्तकमा विभिन्न उदाहरणमार्फत प्रस्ट्याएका छन् ।

गायक उदितनारायण झाबारेको एक प्रसंग छ । जेठी श्रीमतीलाई बेवास्ता गरी झा आफ्नी कान्छी श्रीमतीसहित मुम्बइ बस्न थालेका थिए । उनकी जेठी श्रीमती

नेपालमा भएकोबारे *कामना* र कामना प्रकाशन समूहबाटै निस्कने दैनिक अखबार *नेपाल समाचारपत्र*ले छापे । जेठी श्रीमतीलाई झाले अंकमाल गरेको फोटो नै छापेको थियो *कामना*ले । तर भारतीय पत्रकारले त्यसबारे झालाई सोध्दा "'म त ठुलो कलाकार थुप्रै फ्यानले अंकमाल गर्छन्, सबै मेरा श्रीमती हुन्छन् र ?" भन्दै प्रतिप्रश्न गरेछन् । झाको भनाइसहित *हिन्दुस्तान टाइम्स*मा छापिएको रिपोर्ट श्रेष्ठले एक बैठकमा नेपाली दैनिक पत्रिकाका प्रकाशकलाई देखाएका थिए रे । बहादुरकृष्ण ताम्राकार, जमीम शाह, कैलाश सिरोहिया, विनोद ज्ञवाली, महेन्द्र शेरचन लगायतका प्रकाशकले अचम्म मान्दै त्यो रिपोर्टको फोटोकपी लिएछन् । श्रेष्ठको अपेक्षा थियो, ती प्रकाशकहरूको भोलिपल्टको पत्रिकामा झाको त्यो कपटपूर्ण भनाइविरूद्ध केही लेखिएला । तर त्यसो भएन । बरु झाले भारतमा पाएको सफलताको प्रंशसा पो छापे रे तिनले । आर्थिक प्रलोभनमा परेको हुनाले झाको नकारात्मक छविबारे केही नछापिएको दाबी गर्दै उनी भन्छन्, "जसमा देशै धान्नुपर्ने जिम्मेवारी छ, त्यस्ता सञ्चारगृहका प्रकाशकहरूले लोभमा परेर व्यवहार गर्छन् भनेर म कसरी भन्न सक्छु ? तर भयो त्यस्तै" (पृ. ७६) । *कान्तिपुर*ले यस सन्दर्भमा उदितनारायण झाको पक्षमा वकालत नै गर्न थाल्यो भन्ने गुनासो छ उनको ।

राजनीतिक वृत्तले पत्रिकाको उपयोग/दुरुपयोग गर्न खोज्ने प्रवृत्तिबारे प्रकाश पार्दै श्रेष्ठ भन्छन्, "खास गरी आम चुनावताका एक उम्मेदवारले अर्को उम्मेदवारविरूद्ध प्रोपोगाण्डा गराउने प्रयास हुँदो रहेछ, जसका लागि अखबारभन्दा अर्को उपयुक्त माध्यम केही हुन सक्दो रहेनछ । ५-१० लाख रुपैयाँ र त्यसभन्दा पनि बढी रकम खेलाँची नै हुँदो रहेछ, त्यस्तो बेलामा" (पृ. २७०) । पत्रकारितामार्फत हुने आर्थिक चलखेलबारे उनी थप्छन्, "सरकार संकटमा परिरहेको समयमा सरकारलाई सहयोग गर्ने सर्तमा २०-३० करोड रुपैयाँ कमाउन समय लाग्दैनथ्यो होला" (पृ. १२४) । तर उनले भने त्यसो गरेनन् रे ।

श्रेष्ठको अर्को चिन्ता एनजीओमुखी पत्रकारिताप्रति छ । उनका अनुसार एनजीओका ससाना कामको बखान गर्दै समाचार छापिदिने र त्यसबापत एनजिओले केही रकम पत्रकारलाई दिने चलन छ । सम्पादक प्रकाशकको आँखा छलेर संवाददाताहरू ५–१० हजारमा बिक्छन् भन्छन् उनी । पत्रकारितामा यस्तो प्रवृत्तिले आतंककै रूप लिएको श्रेष्ठको ठम्याइ छ । यस्ता थुप्रै प्रसंग पुस्तकमा छन्, जुन नेपाली मिडियाको अर्थराजनीतिबारे चासो राख्ने अनुसन्धानकर्ताका लागि प्रवेशद्वार हुन सक्छन् ।

## प्रकाशकीय हस्तक्षेप

माथि उल्लिखित *कान्तिपुर* र उदितनारायण झाको सन्दर्भलगायत *कान्तिपुर*का अरू पनि यस्तै कमजोरी समेटेर श्रेष्ठले एक लेख *नेपाल समाचारपत्र*मा छपाउन खोजेका थिए रे । तर कामना प्रकाशनका म्यानेजिङ डाइरेक्टर कुमुद दुगडले संयोगवश त्यो लेख हेर्न पुगेछन् र त्यसलाई रोकिदिएछन् । प्रकाशकीय हस्तक्षेपको अरू नमुना पनि यस पुस्तकमा छन् । तीमध्ये एउटा हो *कामना*को कभर फोटो छनोटको प्रसंग । श्रेष्ठका अनुसार कामना प्रकाशनका म्यानेजिङ डाइरेक्टर द्वय पशुपति मुरारका र कुमुद दुगडले नियुक्त गरेको जनरल मेनेजरले *कामना*को कभरमा कुन फोटो राख्ने भन्ने निर्णय गर्थे । एक चोटि जनरल म्यानेजर कार्यालयमा नभएको र उनलाई सम्पर्क पनि गर्न नसकेपछि सम्पादक र प्रधानसम्पादक पुष्करलाल श्रेष्ठले फोटो छनोट गरेर छापेछन् तर पछि म्यानेजिङ डाइरेक्टर कुमुद दुगडले सम्पादकलाई तल्लो स्तरमा गाली गरेछन् । त्यति मात्र होइन, सुस्तामा सीमा अतिक्रमण भएको समाचार *नेपाल समाचारपत्र*मा छापिएपछि भारतसँग सम्बन्धित वा जोडिएका बहुराष्ट्रिय कम्पनीका विज्ञापन सबै काटिए रे । तैपनि उनी त्यस्ता समाचार छाप्ने पक्षमै थिए तर पछि प्रकाशन समूहका लगानीकर्ता साथीबाट यस्ता समाचार नछाप्न दबाब आयो र छाप्न सकिएन भनेका छन् श्रेष्ठले । प्रकाशकीय हस्तक्षेपका यी चरम उदाहरण हुन् । श्रेष्ठ *कामना* र *नेपाल समाचारपत्र*का प्रधानसम्पादक मात्रै थिएनन् प्रकाशकमध्येका एक पनि थिए । उनीसमेत निरीह र लाचार बनेका यी प्रसंगबाट नेपाली समाचार कक्षमाथिको प्रकाशकीय दबाबबारे अनुमान लाउन गाह्रो पर्दैन ।

## राजावादी कि जनतावादी ?

२०६१ माघ १९ मा राजाले प्रत्यक्ष शासन गर्न सुरु गरेपछि भोलिपल्ट विशेष सम्पादकीयमार्फत राजाको कदम बाध्यात्मक परिवेशमा भएकोले अब तीन वर्ष उनलाई काम गर्न दिनुपर्छ भनेका थिए श्रेष्ठले । राजाको प्रत्यक्ष शासनकालमा प्रेस स्वतन्त्रतामाथि दमन भएको भन्दै नेपाल पत्रकार महासंघ सडकमा थियो तर त्यसमा श्रेष्ठको समर्थन थिएन । राजाकै शासनकालमा *नेपाल समाचारपत्र* लगायतका केही पत्रिकाले मात्र सरकारी विज्ञापन पाएका थिए । नेपाल पत्रकार महासंघको निर्णयअनुरूप तत्कालीन मन्त्री उपस्थित कार्यक्रमलाई मूलधारका अन्य पत्रिकाले बहिष्कार गर्दा श्रेष्ठले भने त्यस्ता कार्यक्रमको समाचारलाई ठाउँ दिएका थिए । यी विभिन्न घटनालाई जोडेर श्रेष्ठलाई राजावादी भनिन्थ्यो । तर

'म राजावादी थिइनँ' भन्नका लागि पनि यस पुस्तकका निकै पाना खर्चिएको छ । यद्यपि त्यसका लागि श्रेष्ठका तर्क दरिला छैनन् ।

आफू होइन बरु अरू नै स्वार्थपूर्तिका लागि तत्कालीन दरबारलाई रिझाउन लागि परेको उनको दाबी छ । यसै क्रममा २०६१ माघ १९ पछि प्रेसमाथि संकुचन भएको अवस्था स्मरण गराउँदै श्रेष्ठ भन्छन्, "*कान्तिपुर* र *काठमाण्डू पोस्ट*ले त्यस बेला राजनीतिको 'र' लाई कतै नछोएर र त्यसलाई पूरै बेवास्ता गर्दै चारुमति र मोजा जस्ता विषयमा सम्पादकीय लेखेको प्रसंगलाई बिर्सनु हुँदैन । ...त्यस बेला आम पाठकलाई *कान्तिपुर* राजाको समर्थनमा छ कि जस्तो लागेको थियो" (पृ. ३०६) । *नेपाल समाचारपत्र*ले भने राजाको कदमको लगत्तै पनि राजनीतिक विषयमा नै कलम चलाएको उनी दाबी गर्छन् । श्रेष्ठका अनुसार कान्तिपुर पब्लिकेसन्स्ले स्याटेलाइटको अनुमति लिनुपर्ने भएकोले स्वार्थवश एक डेढ महिना राजाको सरकारको चाकडी गरेको थियो । तर तत्कालीन सरकारले स्याटेलाइटको अनुमति दिने छाँटकाँट नदेखाएपछि जनताको अधिकार र आवाजका लागि नभई तत्कालीन राजाको सरकारबाट आफ्नो स्वार्थ पूरा नभएकाले *कान्तिपुर* राजाको विरोधमा लाग्यो भन्ने श्रेष्ठको ठहर छ ।

त्यसबेला सरकारी विज्ञापन *कान्तिपुर* लगायतका पत्रिकाले पाएका थिएनन् तर *नेपाल समाचारपत्र* लगायतका केही पत्रिकाले पाएका थिए र राजावादी पत्रिकाले मात्रै पाए भन्ने हल्ला चलेको थियो । यद्यपि श्रेष्ठको मूल्यांकन भने *नेपाल समाचारपत्र* निष्पक्ष र सन्तुलित भएकैले सरकारी विज्ञापन पाएको भन्ने छ ।

## उपदेश र आत्मप्रशंसाको बाढी

यो पुस्तकमा पत्रकारितासम्बन्धी उपदेशको बाढी नै छ भन्दा हुन्छ । राज्यका अन्य तीन अंगको रखबारी गर्ने चौथो अंग प्रेस हो भन्ने कर्मकाण्डी रटान श्रेष्ठले दर्जनौँ पटक लगाएका छन् । पत्रकारिता पैसा कमाइने पेशा होइन, यहाँ त्याग र समर्पणको भाव भएकाले मात्रै काम गर्छन् भन्ने नैतिक उपदेश पनि उनले पटक–पटक दिएका छन् । पत्रिकामा 'राष्ट्र धान्नुपर्ने जिम्मेवारी हुन्छ' भन्नेजस्ता अतिशयोक्तिपूर्ण पण्डित्याइँका यस्ता प्रस्तुतिले पुस्तकको पृष्ठ मात्रै बढाएको छ जसले गर्दा लेखक सिलवालको सम्पादकीय कुशलतामाथि प्रश्न उठाउन पनि पाठकलाई बाध्य पार्छ । अर्को कुरा, यी उपदेश दिनुका साथसाथै श्रेष्ठले आफूले भने निष्पक्ष ढंगले देश र समाजलाई योगदान दिने ध्येयसहित उत्कृष्ट व्यावसायिक पत्रकारिता गरिरहेको दाबी पनि बारम्बार गरेका छन् ।

वि.सं. २०४९ मा कान्तिपुर पब्लिकेसन्स् आउनुअघि नै श्रेष्ठले ब्रोडसिट दैनिक प्रकाशन गर्ने लक्ष्य बनाइसकेका थिए । यद्यपि सुरु गरिहाल्न भने सकिरहेका

थिएनन् । यसैबीच *कान्तिपुर* आयो र राम्रै व्यापार गऱ्यो । कामना प्रकाशन समूहको *कामना*, *साधना*, र *महानगर* केही हदसम्म सफल भए पनि *नेपाल समाचारपत्र*ले भने व्यावसायिक सफलता हासिल गर्न सकेन । *कान्तिपुर* पहिला आएकोले एकलौटी बजार लिएको विश्लेषण गर्दै आफूले त्यसअघि नै ब्रोडसिट दैनिक ननिकालेकोमा पछुतो मानेका छन् श्रेष्ठले । *कान्तिपुर*बारे श्रेष्ठको अर्को टिप्पणी यस्तो छ, "... अखबारको सफलता भनेको अखबारमा प्रकाशित सामग्री, राष्ट्र र जनताप्रति उसको समर्पण र सेवाका आधारमा निर्धारित हुनुपर्थ्यो । तर *कान्तिपुर*को सन्दर्भमा त्यो कुराको प्रसंग नै आएन । *गोरखापत्र* र सरकारप्रतिको वितृष्णालाई बिर्साउने विकल्पका रूपमा *कान्तिपुर*लाई सबैले स्वीकार गर्न थाले" (पृ. १११) ।

*महानगर* धेरैले पढे पनि *नेपाल समाचारपत्र* भने नपढेकोमा जनताप्रति गुनासो छ श्रेष्ठको । *नेपाल समाचारपत्र*को बिक्री कम हुनुमा उनी दुई कारण देख्छन् : साक्षर जनता कम हुनु र जनताको क्रय शक्ति कमजोर हुनु । उनी भन्छन्, "राष्ट्रप्रति समर्पित पत्रिकालाई दीर्घजीवन दिन किनिदिउँ न त भन्ने अवस्थाका जनता पनि भएनन्" (पृ. ११६) । कुन पत्रिकाले जनताको सेवा गरिरहेको छ भन्ने थाहा नपाएर पनि जनताले *नेपाल समाचारपत्र* नकिनेका होलान् भन्ने तर्क गर्दै उनी थप्छन्, "... नेपालमा त्यस्तो संस्कार, व्यवहार र विश्लेषण क्षमता भएका पाठकहरूको अभावका कारण निष्पक्ष र स्वतन्त्र अनि आत्मनिर्भर भएर मुलुक र जनताको सेवामा अघि बढ्ने उद्देश्यसाथ हिँडेका प्रकाशन संस्थाहरू पीडित भइरहनुपर्ने भयो । यत्तिको पत्रकारिता मैले भारतमा मात्र गरेको भए पनि अहिलेको *नेपाल समाचारपत्र*को स्थिति *दि टाइम्स अफ इण्डिया* सरहको भइसक्ने थियो" (पृ. ११९) । *महानगर*ले उनकै शब्दमा 'राम्रो व्यापार' गरिरहँदा भने यी तर्क उनले बिर्सेका थिए । श्रेष्ठ जस्तो स्थापित पत्रकारको यस्तो हावादारी तर्कले प्रस्तुतिलाई फितलो र फिका बनाएको छ ।

## अधुरो उत्खनन्

निःसन्देह, पुष्करलाल ख्यातिप्राप्त पत्रकार हुन् र पुस्तकका लेखक अशोक सिलवालले भनेझैँ रिपोर्टर, सम्पादक, प्रकाशक, व्यवस्थापक आदि विभिन्न अवतारमा सक्रिय श्रेष्ठका धेरै आयामहरू छन् । यद्यपि लेखक सिलवालले श्रेष्ठका ती आयामहरूलाई पर्याप्त खोतल्न र पर्गेल्न नसकेको जस्तो देखिन्छ । पुस्तकको भूमिकामा रामकृष्ण रेग्मीले पनि पुष्करलाल र *कामना*को सन्दर्भमा गहन रूपमा चर्चा गरिएको भए पनि उनका अन्य धेरै विषयमा स्पर्शमात्र गरेर छोडिएको छ भनेका छन् ।

पुस्तक पढ्दा श्रेष्ठले एकसरो भनेका कुरालाई जस्ताको तस्तै छापेको भान हुन्छ । जस्तै, मिडिया एकाधिकारको विरोध गर्ने क्रममा श्रेष्ठ अग्रपंक्तिमा छन् । तर इमेज च्यानल र इमेज एफएम चलाइरहेका आर.के. मानन्धरलाई कामना प्रकाशन समूहमा प्रवेश गराउँदा मिडिया एकाधिकारबारे किन केही सोचिएन भन्ने प्रश्न लेखकले श्रेष्ठलाई गर्न सक्थे, तर गरिएको देखिँदैन । राजाको प्रत्यक्ष शासनताका नेपाल पत्रकार महासंघले गरेको सडक आन्दोलनमा श्रेष्ठ गएनन् । त्यस बेला उनको भनाइ थियो पत्रकारले आन्दोलन गर्ने भनेको पत्रिकामार्फत लेखेर हो, सडकमा गएर होइन । त्यसो भए शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा उनले लगाएको संकटकालमा प्रेस स्वतन्त्रताका लागि गरिएको भद्रकालीको अनसनमा किन सहभागी भए त श्रेष्ठ ? यस्ता विरोधाभासपूर्ण सन्दर्भलाई लेखक सिलवालले खोतलेर प्रस्ट्याइदिएको भए पुस्तकको उपादेयता बढ्न सक्थ्यो ।

अन्तमा, विभिन्न कमजोरीहरू हुँदाहुँदै पनि पुस्तकले नेपाली पत्रकारिताका विविध आयामबारे केही उपयोगी जानकारी पस्कन सकेकोमा सन्तोष मान्नै पर्छ । पत्रकारिताको अन्तर्वस्तुमा हुने बाह्य हस्तक्षेप त्यस्ता आयाममध्ये एक हो । यो पुस्तकले समाचार कक्षमा हुने प्रकाशकीय हस्तक्षेपलाई विविध उदाहरणसहित छर्लंग पारेको छ । पत्रिकाको आम्दानी भनेको त्यसको विक्रीबाट आउने रकम र विज्ञापन मात्रै हो भन्ने परम्परागत मान्यता हो । यद्यपि गैरव्यावसायिक पत्रकारिता गर्नेहरूले अनेक स्रोतबाट रकम असुल्ने गरेका छन् भन्ने व्याख्या यो पुस्तकमा छ । विदेशी कुटनीतिक नियोग, राजनीतिक दल र त्यसका नेताले पत्रकारितालाई उपयोग गरिरहेकाबारे श्रेष्ठले केही संकेत गरेका छन् । पत्रकार तथा प्रकाशन गृहहरूलाई आर्थिक प्रलोभनमा समेत पारी विभिन्न निकायले उपयोग गर्ने गरेको उनको भनाइ छ । एनजिओमुखी पत्रकारिताले पारेको नकारात्मक प्रभावप्रति पनि श्रेष्ठले चिन्ता व्यक्त गरेका छन् । पुस्तकमा परेका यी र यस्ता अनेकौँ प्रसंगले नेपाली पत्रकारिताका विविध पक्षबारे भावी बहसका लागि मनग्गे खुराक दिएका छन् ।

## सन्दर्भ सामग्री

नेपाल, किशोर । २०५७ । *जनमतसंग्रहदेखि जनआन्दोलनसम्मः नेपाली पत्रकारिताको विकास र प्रभाव* । काठमाडौँ : व्यावसायिक पत्रकारिता प्रतिष्ठान ।

**शेखर पराजुली**
**मार्टिन चौतारी**